## फिदिम नगरपालिकाको अनुरोध

कोरोना भाइरसको संक्रमण केही संख्यामा देखिएकोले यसको फैलावटको रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी वनाउन यस नगरपालिकाभित्र भदौ ११ गते राती १२ बजेबाट अत्यावश्यक सेवा वाहेकका अन्य सेवाहरू एकहप्ताको लागि बन्द गरिएको छ। यसैले यो अवधिभर सबै महानुभावहरूलाई देहाय अनुसार गर्न गराउनहुन अनुरोध छ।

- अत्यावश्यक सेवाः (स्वास्थ्य, सूचना तथा सञ्चार, सुरक्षा, खानेपानी, इन्धन, फोहरमैला, विद्युत, दैनिक उपभोग्य खाद्यवस्तु) बाहेकका अन्य उद्योग व्यावसाय आदि बन्द गरिदिनुहुन
- एम्बुलेन्स बाहेक सवारी आवागमन र मानिसको आवतजावत नगर्नु नगराउनु हुन। अत्यावश्यक भइ एम्वुलेन्स वा अन्य सवारीमा यात्रा गर्नुहुनेहरूले पनि आधिकारिक निकायको सिफारिस र सवारी पास वेगर सवारी नचलाउनु हुन। अत्यावश्यक सामग्री ढुवानी गर्ने सवारीमा पनि चालक र सहचालक बाहेक अन्य व्यक्ति यात्रा नगर्नु नगराउनुहुन।
- सवारी पास वा अत्यावश्यक सेवाका कर्मचारी तथा जनप्रतिनिधिहरूले कार्यालयबाट जारी परिचयपत्र नवोकी कुनै पनि सवारी सधान नचलाउनुहुन।
- वाहिरबाट आउनुभएको व्यक्तिहरूले अनिवार्य रूपमा क्वारेन्टाइनमा वसी स्वाब परीक्षण गराउनुहुन
- अति आवश्यक काम परि वाहिर निस्कनुपरेमा सुरक्षा निकायमा जानकारी गराएर स्वास्थ्य र सुरक्षाका मापदण्ड पालन गरेर मात्र निस्कनुहुन।
- अत्यावश्यक सेवा प्रवाह गर्दा पनि देहाय अनुसार स्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गर्नु गराउनुहुन
    - अत्यावश्यक सामग्री विक्रेता र खरिदकर्ताले साबुनपानीले हात धुने, मास्क स्यानिटाइजर प्रयोग गर्ने, भौतिक दुरी २ मीटर कायम गर्ने, सामानलाई प्रकृति अनुसार स्यानिटाइज गर्ने वा तातोपानीले पखाल्ने,
    - भिडभाड हुने कार्य नगर्ने नगराउने, संस्कारजन्य सामाजिक व्यवहारमा १५ जना भन्दा वढीको जमघट नगर्ने नगराउने।
    - कुनै पनि कार्यस्थलमा एकै साथ १० जना भन्दा वढी भेला नहुने नगराउने
    - खाद्यवस्तु दुध, दुग्धजन्य पदार्थ, फलफूल, तरकारी, माछामासु पसल विहान ९ बजेसम्म मात्र खोल्ने
    - बैकिङ सेवा विद्युतीय माध्यमबाट वा नेराबैंले तोकेको संख्यामा आवश्यक सेवा प्रवाह गर्ने
    - मापदण्डको पालना नगर्नेलाई प्रचलित कानून वमोजिम कारवाही हुने हुँदा सतर्क रहने
- कोभिडको कारणले सतर्कता अपनाउदा उत्पन्न असहज परिस्थिति भएतापनि आम जनसमुदायको स्वास्थ्य र सुरक्षाको लागि यस अभियानमा सबैको निरन्तर सहयोग र सहभागीता हुन नगरवासीहरूमा नगरपालिका हार्दिक अनुरोध गर्दछ।

स्वास्थ्य र सुरक्षा हाम्रो सरोकार, मापदण्ड पालना नै हो आधार।

अम्विका प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत